**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. १९८**

**पुनरावेदन नं.०७७-RB-०३७४**

**<u>मुद्दाः– भन्सार सुन चोरी पैठारी।</u>**

| | |
|---|---|
| तनहुँ जिल्ला साविक छिपछिपे गा.वि.स. वडा न. ७ हाल नालबुङ गाउँपालिका वडा न. ३ बस्ने सन्त बहादुरको छोरा होम बहादुर गुरुङ्ग......................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुबन बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कर्णप्रसाद तिमल्सिना समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार......................................................१ | प्रत्यर्थी वादी |

**२०७९।०८० सालको निर्णय नं. १९९**

**पुनरावेदन नं.०७८-RB-००७८**

| | |
|---|---|
| मोरङ्ग जिल्ला साविक पथरी गा.वि.स. वडा नं. ९ हाल पथरी शनिश्चरे नगरपालिकावडा नं. २ बस्ने भोजराज घिमिरे.................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुबन बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कर्णप्रसाद तिमल्सिना समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार......................................................१ | प्रत्यर्थी वादी |

**२०७९।०८० सालको निर्णय नं. २००**

**पुनरावेदन नं.०७८-RB-००९०**

| | |
|---|---|
| मोरङ्ग जिल्ला पथरी शनिश्चरे नगरपालिका वडा नं. २ बस्ने अनिल लुइटेल...........१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुबन बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कर्णप्रसाद तिमल्सिना समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार......................................................१ | प्रत्यर्थी वादी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री शम्भुप्रसाद मरासनी
शुरु कार्यालयको निर्णय मितिः–२०७७/०७/२७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताहरू श्री कृष्ण प्रसाद घिमिरे, श्री कमल प्रसाद ढुङ्गाना, श्री सुजन रिजाल र श्री सुर्यबहादुर पाण्डे

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री विकास वन्जारा

**अवलम्वित नजीरः ×**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाण्डौको मिति २०७७/०७/२७ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. मिति २०७६।५।२२ गति बिहान करिब सबा दश बजेको समयमा Himilayan Airlinesको उडान नं. H9564बाट कतार हुदै काठमाडौ आएका नेपाली राहदानी नं. ०७६५६६९. बाहक होम बहादुर गुरुङ्गलाई त्रिभुवन बिमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको रेड च्यानल एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको लगेजबाट जम्मा तौल १३९८ (एक हजार तीन सय अन्ठानब्बे) ग्राम सुन भएको बेलना आकारको जम्मा ३ (तीन) थान फेला परेको र उक्त सुन संकलन गर्नको लागि त्रिभुवन विमानस्थल परिसरमा आएका पथरी २ शनिश्चरे, मोरगंका अनिल लुइटेल र जिल्ला मोरंग उर्लाबारी ठेगाना भएका भोजराज घिमिरे समेतलाई पक्राउ गरेको भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६।५।२२ को खानतलासी तथा बरामदी मुचुल्का।

२. मिति २०७६।५।२२ गतेको खानतलासी तथा बरामदी मुचुल्का एवं नेपालमा सुनचाँदीको पैठारीलाई नेपाल सरकार बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६६।७।१६ को सूचना अनुसार पुर्ण प्रतिबन्धको श्रेणी राखिएको र निज यात्रु होम बहादुर गुरूङले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालबस्तु सम्बन्धमा नेपाल सरकारद्वारा मिति २०७६।०२।१५ देखि नेपाल राजपत्रमा प्रकाशित सूचनाको उल्लंघन गरी आफ्नो लगेजमा उक्त सुनको बेलनाकारको सुन ल्याउने क्रममा बरामद भएको हो। निज होमबहादुर गुरुङ्गले आफ्नो लगेजमा ल्याएको सुन नेपालको कानूनी व्यवस्था विपरित देखिएकोले बरामद गरिएको सुन र पक्राउ

परेका व्यक्तिहरुलाई निकासी पैठारी नियन्त्रण ऐन, २०१३ र भन्सार ऐन, २०६४ बमोजिम कारबाही गरी प्रतिबेदकहरुलाई पुरस्कार समेत दिलाई भराइ पाउँ भनी प्रमुख भन्सार अधिकृत कर्ण बहादुर तिमिल्सिना समेतको २०७६।५।२३ को प्रतिबेदन।

३. बरामदीत १३९८ (एक हजार तीन सय अन्ठानब्बे) ग्राम सुन मेरो होइन। कतारमा एकजना हरी भन्ने नेपाली मानिसले पठाएको हो। उक्त सुनको भन्सारमा घोषणा गरेको छैन। म कतार एयरपोर्टमा मेरो सामान तौल गर्दा मेरो सामानको तौल कम भएकोले हरीले एउटा मसला कुट्ने ओखल घरमा लगिदिनु भनी भनेको हुँदा मैले ल्याईदिएको हो। उक्त सामान नेपाल एयरपोर्टमा लिन उसको मान्छे आउछ भनी भनेको थियो र मेरो फोटो खिचेर मेरो फोन नम्बर मांगेर लगेको थियो। सायद त्यही सामान लिनको लागि अनिल लुइटेल र भोजराज घिमिरे आएको हुनुपर्छ। कतारमा हरीले खिचेको मेरो फोटो र मेरो फोन नम्वर उनीहरुलाई दिएको हुनु पर्छ। नेपालको कानुनको बारेमा थाहा भएन। अनजान बस भएको गल्तीलाई एक पटकको लागि माफ पाउँ भन्ने समेत ब्यहोराको प्रतिबादी होमबहादुर गुरुङ्गले अनुसन्धान अधिकृत समक्ष गरेको बयान।

४. बरामदीत सुन मेरो होइन। आफ्नो गेष्ट हाउसको लागि गेष्ट लिन एयरपोर्ट गएको थिए। अरु केही थाहा छैन। सुन भन्सारमा घोषणा गरेको नगरेको जानकारी छैन। अनिल लुइटेललाई कतारबाट फोन गर्ने मानिस मेरा साथीको दाई गोपाल कटुवाल हो। उहाँले कतारमा सप्लाई कम्पनी खोल्नु भएको छ। होम बहादुर गुरुंगलाई मैले चिन्दिन। अनिल लुइटेल र मेरो बसपार्कमा राम्री सामाजिक गेष्ट हाउस छ। उक्त गेष्टहाउस सत्रलाखमा किन्ने बैना भएको थियो। उक्त गेष्ट हाउस किन्नको लागि अनिलले पलाञ्चोक भगवती सहकारी संस्था चाबहिलबाट चार लाख ऋण लिएको थियो र कतारमा रहेका गोपाल कटुवालसंग तीनलाख लिएका थियौं। बरामद पचाँस हजार नेपाली रुपैया होटलको पैसा हो। युवराज घिमिरे मेरो दाजु हो। चेकमा मेरो सिग्नेचर नमिल्ने भएकोले गर्दा दाईको दस्तखत भएको चेक लिएर हिडेको हो। गेष्ट हाउस खरिद गर्दा तिर्न बाकी रकम सुमन दियालेसंग सापट लिएको हो। होटलको नामसारी नभएको कारण सुमन दियालेसंग लिएको रकम नसाटिएर त्यतिकै रहेको हो। होमबहादुर गुरुंग र हरी भन्ने मानिसलाई चिन्दिन। बरामदित चेकबुक भिसा कार्ड अनिलको झोलामा रहेछ मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिबादी भोजराज घिमिरेले अनुसन्धान अधिकृत समक्ष गरेको बयान।

५. कतारबाट आएका होम बहादुर गुरुङ्गको नजिक पुगेर फर्कदै गर्दा मेरो मोवाइलमा कतारबाट फोन आयो त्यही बेलामा सुन मैले मगाएको भनी सादा पोसाकका प्रहरीले मलाई पक्राउ गरेका हुन। बरामदीत सुन मेरो होइन। म गेष्ट लिन एयरपोर्ट गएको थिए। सुन भन्सार घोषणा गरेको छ या छैन मलाई जानकारी छैन। हरि भन्ने मानिस मलाई याद भएन। गोपाल कटुवाल भन्ने मानिसले गेष्टहाउस खरिद गर्ने क्रममा सहयोग गर्नु भएको थियो। सुन कस्ले पठाएको हो मलाई थाहा भएन। होमबहादुर

गुरुंगलाई म चिन्दिन भोजराज घिमिरे हाम्रो गेष्ट हाउसका पार्टनर हुन। भोजराज घिमिरे र म एयरपोर्टमा गेष्टको खोजीमा गएका थियौ। उक्त गेष्ट हाउस कर्णबहादुर कुसारीसंग सत्र लाखमा खरिद गरेको हो दश लाख तिर्न नै बाँकी थियो। गेष्ट हाउस खरिद गर्नको लागि पलाञ्चोक भगवती सहकारी संस्था चाबहिलबाट चारलाख ऋण लिएको थिए र बाँकी केही रकम कतारमा बस्ने गोपाल दाईबाट लिएको छु। गोपाल कटुवालको सम्पर्क नम्बर थाहा भएन। सिद्धार्थ बैकमा भएको रकम मेरो भाई सुनिल लुइटेलले पठाएको रकम हो। युवराज घिमिरे भोजराज घिमिरेको दाजु हो। नविन राई गाउको भाई हो। बरामद भएको खाली चेकहरु भोजराज घिमिरेबाट बरामद भएको हो, म बाट होइन। अरु बैक कागजात र नगद भोजराजको साथबाट बरामद भएको हुनाले मलाई केही जानकारी भएन। गोपाल कटुवाल र होमबहादुर गुरुंगको नाता सम्बन्धको बारेमा थाहा भएन भन्ने ब्यहोराको प्रतिबादी अनिल लुईटेलले अनुसन्धान अधिकृत समक्ष गरेको बयान।

६. प्रतिबादी होम बहादुर गुरूङले आफ्नो साथमा ल्याएको लगेजबाट बेलना आकारको खलभित्र बेलना आकारकै तीनथान सुनको टुक्रा जम्मा तौल १३९८ ( एक हजार तीन सय अन्ठानब्बे) ग्राम सुन बरामद भएको भनी बयान गरेको । अर्को प्रतिवादी अनिल लुइटेल र भोजराज घिमिरेले बयानमा एयरपोर्टमा उक्त बरामदीत सुन संकलन गर्न गएको हो भनी उल्लेख गरेको। चेकजाँचको क्रममा भन्सारमा घोषणा नगरेको र भन्सार तिरेको निस्सा नभएको र लुकाई छिपाई भन्सार छली लैजान लागेको अबस्थामा बरामद भएको भन्ने खानतलासी तथा बरामदी मुचुल्का, प्रतिवेदन समेतका आधारमा भन्सार छली चोरी पैठारी गर्ने मनसायले अबैध रुपमा सुन चोरी पैठारी गरेको प्रमाणित हुन आएको हुँदा निजहरुको कार्य भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारीको कसुर अपराध गरेको देखिंदा निज प्रतिबादीहरुलाई सोही ऐनको दफा ५७ को उपदफा (१) बमोजिम जनही रु. ८५,९३,५०६।-(अक्षरुपी पचासी लाख त्रियानब्बे हजार पाच सय छ) बराबरको १३९८ (एक हजार तीन सय अन्ठानब्बे) ग्राम सुन जफत गरी विगो बमोजिम जरिवाना हुन र निज प्रतिवादीहरु होम बहादुर गुरुंग, अनिल लुइटेल र भोजराज घिमिरेलाई सोही ऐनको दफा ५७ को उपदफा (१ग) को खण्ड (ग) बमोजिम हदैसम्मको कैद सजाय समेत हुन मागदावी र प्रतिवेदकहरूलाई पुरस्कार समेतको मागदावी लिइ पेश भएको मिति २०७६।०६।१२ को अभियोग पत्र।

७. प्रतिबादी होम बहादुर गुरुङ्ग, अनिल लुइटेल र भोजराज घिमिरेको प्रस्तुत अबैध सुन चोरी पैठारी मुद्धाको हालसम्म संकलित मिसिल संलग्न कागजात प्रमाणहरु, बरामदी मुचुल्का, प्रतिबेदन, बयान कागज समेतको तत्काल प्राप्त आधार प्रमाणहरुले भन्सार ऐन २०६४ को दफा २(च) मा परिभाषित कसुर एवं सोही ऐनको दफा ५७(१) बमोजिमको कसुर अपराध गरेको होइन भन्न सकिएन। तसर्थ पछि निर्णय गर्दा ठहरे

बमोजिम हुने गरी हाललाई भन्सार ऐन २०६४ को दफा २ ( च) र दफा ५७(१) को कसुरमा ऐ ऐनको दफा ५७(१) अनुसार मालबस्तुको विगो बापत रु.८५,९३,५०६।- ( अक्षरुपी पचासी लाख त्रियानब्बे हजार पाच सय छ रूपैया) र सोही ऐनको दफा ५७(१ग) को खण्ड (ग) अनुसार अधिकतम हुने कैद एक बर्षको दैनिक रु ३००।- का दरले हुने जम्मा रु १,०९,५००।- (एक लाख नौ हजार पाच सय) समेत गरी जम्मा रु. ८७,०३,००३ - (सतासी लाख तीन हजार तीन रूपैया) भन्सार ऐन २०६४ को दफा ४१ (१) अनुसार प्रतिबादीहरुसंग जनही नगद धरौटी माग गर्ने। माग बमोजिमको नगद धरौटी दाखिला गरे तोकिएको समयमा हाजिर हुने गरी साधारण तारेखमा छाडिदिने, माग भएको धरौटी रकम दाखिला गर्न नसके सोही ऐनको दफा ४१(२) अनुसार नियमानुसार सिदा खान पाउने गरी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा पुर्पक्षको लागि हिरासतमा राख्न पठाउनु। प्रतिबादीहरुको बयान पोलमा परेका कतारबाट सुन पठाउने हरी भन्ने व्यक्ति र गेष्ट हाउस किन्न रुपैया दिने गोपाल कटुवाल भन्ने व्यक्तिको एकिन नाम थर वतन खुल्ने गरी थप अनुसन्धानको लागि महानगरीय अपराध महाशाखा टेकुलाई पत्राचार गर्ने र प्रस्तुत मुद्धाको अन्तिम निर्णय हुनु अगाडी बरामद भई आएको नगद हाललाई कार्यालयको धरौटी खातामा आम्दानी बाध्नु र बरामद नगद तथा चेक समेतको सम्बन्धमा थप अनुसन्धानको लागि महानगरीय अपराध महाशाखा टेकुलाई पत्राचार गर्ने गरी भएको मिति २०७६/६ १२ गतेको थुनछेक आदेश।

८. मिति २०७६।०६।१२ को आदेशबाट माग भएको धरौटी रकम दाखिला गर्न नसकी निज प्रतिबादीहरुलाई कारागार कार्यालय काठमाडौंमा थुनामा राख्न पठाइएकोमा प्रतिबादी अनिल लुईटेल र भोजराज घिमिरेलाई जनही दश/दश लाख धरौटीमा छाडीदिनु भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७६।०८।१९ गते भएको आदेश अनुसार अनिल लुईटेल र भोजराज घिमिरे जनही दश/दश लाख नगद धरौटी दाखिला गरी तारेखमा रहेकोमा मिति २०७७।६।२६ देखि तारेख गुजारी बसेको। अर्का प्रतिबादी होम बहादुर गुरुङ्ग कारागार कार्यालय काठमाडौं जगन्नाथ देवलमा थुनामा रहेको।

९. प्रतिवादीहरु होम बहादुर गुरुङ्ग, अनिल लुइटेल र भोजराज घिमिरेले भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम भन्सार चोरी पैठारीको कसूर गरेको ठहऱ्याई बरामद सुन जफत गरी प्रतिवादीहरुलाई जनही एक बर्ष कैद र रु.२८,६४,५०२।– जरिवाना हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७७।७।२७ मा भएको फैसला।

१०. खानतलासी तथा बरामदी मुचुल्का, प्रमुख भन्सार अधिकृत समेतको प्रतिवेदन, म पुनरावेदक तथा सह-प्रतिवादीहरुको अनुसन्धानका क्रममा र मुद्दा हेर्ने निकाय समक्ष भएको बयान समेतका कागज प्रमाणहरुबाट म आरोपित कसुरमा मनसायपुर्वक संलग्न

रहेको तथ्य पुष्टी हुन सकेको अबस्था छैन। फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने दायित्व वादीको हुने भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ मा रहेको देखिन्छ भने शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रही आएको परिप्रेक्ष्यमा म पुनरावेदक आरोपित कसुरमा मनसायपुर्वक संलग्न रहेको पनि देखिदैन भने वादी पक्षले सो आरोपित कसुर पुष्टी गर्न सकेको पनि देखिदैन। यस्तो अबस्थामा म उपर अभियोग लगाएर कसुरदार ठहर गर्न मिल्दैन। घटना भएको भनिएको दिन, समय र Airlines का विषयमा समेत मिसिलमा रहेका कागजातहरु एकआपसमा नमिलि तथ्यमा नै दुविधा भई रहेको देखिन्छ। बरामदी मुचुल्का र प्रतिवेदन एक आपसमा बिरोधाभाष देखिएको अबस्थामा बरामदी मुचुल्कामा बस्ने मानिसहरु र प्रतिवेदकहरुलाई बकपत्रका लागि कार्यालय समक्ष उपस्थित नै नगराई मलाई कसुरदार ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णयमा प्रमाण ऐन, २०३१ को दफा १८,२५, ३८ र ५४ समेतको त्रुटी रहेकोले अभियोग माग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादी होम बहादुर गुरुङ्गको तर्फबाट मिति २०७७/०८/२२ मा दर्ता भएको पुनरावेदन पत्र।

११. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/२४ मा भएको आदेश।

१२. यसमा कसुर ठहर भएका प्रतिवादीहरु मध्ये अनिल लुइटेल र भोजराज घिमिरेका हकमा निजहरु मुद्दा पुर्पक्षको क्रममा सामेल भई यस न्यायाधिकरणको आदेशानुसार धरौट बुझाई तोकिएको तारेखमा उपस्थित नभएको भन्ने देखिएकोले निजहरुलाई भएको कैद जरिवानामा चित्त नबुझे कानून बमोजिम पुनरावेदन गर्नु भनि पुनरावेदनको म्याद दिएको नदेखिँदा सम्बन्धित कार्यालय (त्रिभुवन विमानस्थल भन्सार कार्यालय) मा शुरु मिसिल सहित पठाई निज प्रतिवादीहरूका नाउँमा पुनरावेदनको म्याद जारी गरी रितपुर्वक तामेल गरी गराई पठाईदिनु भनि लेखि पठाई आएपछि नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/१०/०८ मा भएको आदेश।

१३. मिति २०७६।५।२२ को खानतलासी तथा बरामदी मुचुल्कामा म समेतलाई सुन चोरी पैठारी गरेको भनी पक्राउ गरेको भने पनि सो खानतलासी तथा बरामदी मुचुल्कामा मेरो सहीछाप दस्तखत नरहेको, प्रतिवादी होम बहादुर गुरुङ्गले बरामदीत सुन मैले कतारबाट जहाजमा काठमाण्डौ आउदा ल्याएको भनि स्वीकार गरिसकेको, निजलाई मैले चिनेजानेको छैन भनि अनुसन्धानको क्रममा वयान गर्दा म पुनरावेदक र स्वयं प्रतिवादी होम बहादुर गुरुङ्गले स्वीकार गरेको, म गेष्ट हाउस संचालन गर्ने

भएकोले गेष्टको खोजीको लागि  त्रिभुवन विमानस्थल गएको, प्रतिवादी होम बहादुरले कतारबाट ल्याएको खल लिन यी मानिस आएको हुन सक्दछ भनि शंका गरेको आधारमा मलाई पक्राउ गरी आफुलाई थाहा जानकारी नै नभएको नगरेको अपराधमा दोषी ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गैर कानूनी निर्णय प्रमाण ऐन, २०३१ को दफा २५ समेतको विपरीत भएकोले सो निर्णय बदर गरी अभियोग माग दावीबाट फुर्सद पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादी भोजराज घिमिरेको तर्फबाट मिति २०७८/०५/१८ मा दर्ता भएको पुनरावेदन पत्र।

१४. प्रतिवादी होम बहादुर गुरुङ्गलाई मिति २०७६।५।२२ गते त्रिभुवन विमानस्थलमा सुन चोरी पैठारी गरेको अभियोगमा पक्राउ गरेकोमा निजले ल्याएको उक्त सुन लिन गएको भनि म प्रतिवादी अनिल लुइटेललाई त्रिभुवन विमानस्थलमा पक्राउ गरेको हो। प्रतिवादी होम बहादुर गुरुङ्गलाई नचिनेको र निजले ल्याएको सुन सम्बन्धी तथ्यको वारेमा मलाई कुनै थाहा जानकारी नै नभएको, बरामद भएको भनिएको सुन मबाट बरामद समेत नभएको, प्रतिवादी होम बहादुरले कतारबाट ल्याएको खल लिन यी मानिस आएको हुन सक्दछ भनि शंका गरेको आधारमा मलाई पक्राउ गरी आफुलाई थाहा जानकारी नै नभएको नगरेको अपराधमा दोषी ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गैर कानूनी निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादी अनिल लुइटेलको तर्फबाट मिति २०७८/०५/२८ मा दर्ता भएको पुनरावेदन पत्र।

१५. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई लगाउको ०७७-RB-०३७४ मिसिल समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट भएको मिति २०७९/०३/२४ को आदेश।

१६. यसमा पुनरावेदक प्रतिवादी भोजराज घिमिरेका कानून व्यवसायी कमल प्रसाद ढुङ्गानाले अस्वस्थताको कारण आजको पेशी स्थगित गरी पाउँ भनी निवेदन पेश गरेको हुँदा आजको सुनवाई स्थगित गरी दिएकोछ। सहप्रतिवादी पुनरावेदक होम बहादुर गुरुङ्ग थुनामा रहेको र पुनरावेदन दायर भएको १ बर्ष भन्दा बढी अवधिसम्म पनि मुद्दा फर्छ्यौट नभएकोले मुलुकी फौजदारी कार्यविधि सहिता, २०७४ को दफा १३७ (६) बमोजिम सुविधा पाउँ भन्ने निजको निवेदन समेत परी पेश भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको टुङ्गो लगाउनु पर्ने हुँदा कुनै पुनरावेदक प्रतिवादीको तर्फबाट मुकरर हुनु भएका कुनै कानून व्यवसायी बहसको लागि उपस्थित हुन नसकेमा पनि सुनवाई सुनिश्चित गर्नको लागि सवै पुनरावेदकहरुको तर्फबाट रहनु भएका कानून व्यवसायी तथा प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्न विषेश सरकारी वकील कार्यालयबाट एक हप्ताभित्र लिखित बहसनोट पेश गर्न जानकारी गराई नियमानुसार गरी पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०४/१२ मा भएको आदेश।

१७. प्रतिवादी होम बहादुर गुरुङ्गको हकमा बरामदी मुचुल्कामा उल्लेख भएको १३९८ ग्राम सुन आफुले कतारबाट काठमाण्डौ आउदा लगेज जाँचको क्रममा फेला परेको तथ्यलाई स्वीकार गरेको र बरामदित सुन बैद्यताको निस्सा पेश गर्न सकेको समेत नदेखिँएको, प्रतिवादी अनिल लुइटेलको हकमा कतारबाट पठाएको सुन लिन आएको हुन सक्छ भनि उल्लेख गरेको, कतारमा हरि भन्ने मानिसले खिचेको फोटो अनिल लुइटेललाई पठाएको भनी प्रतिवादी होम बहादुर गुरुङ्गको साविती बयान गरेको, प्रतिवादी होम बहादुर गुरुङ्गको फोटो र मोवाइल नं. प्राप्त भएको भन्ने सहप्रतिवादीले खुलाएको, बरामदीत सुन संकलन गर्ने व्यवहार देखाएको समेतका आधारमा र प्रतिवादी भोजराज घिमिरेको हकमा प्रतिवादी होम बहादुर गुरुङ्गले हरिले कतारबाट पठाएको सुन लिन आएको मानिस हुन सक्छ भनि उल्लेख गरेको, आफुहरु होम बहादुर गुरुङ्गले पठाएको सुन संकलन गर्न आएको हो भनि बरामदी मुचुल्कामा सहीछाप गरेको, निजको साथबाट रु.५०,०००।- रकम र दस्तखत भएका चेक र चेकबुक बरामद भएको समेतका आधार र कारणबाट शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट प्रतिवादीहरुलाई कसुरदार ठहराइ भएको फैसला मिलेकै देखिँदा प्रतिवादीहरुको पुनरावेदन जिकिर खारेज  हुनु पर्दछ भन्ने विषेश सरकारी वकील कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले मिति २०७९।०४।१६ मा यस न्यायाधिकरणमा पेश गर्नुभएको बहसनोट।

१८. प्रतिवादी होम बहादुर गुरुङ्गलाई त्रिभुवन विमानस्थलमा सुन चोरी पैठारी गरेको अभियोगमा पक्राउ गरेको भनि उल्लेख गरेको भएतापनि घटना भएको भनिएको दिन, समय र Airlines का विषयमा समेत मिसिलमा रहेका कागजातहरु एकआपसमा नमिलि तथ्यमा नै दुविधा रहेको देखिँदा वारदातसंग सम्बन्धित कागजात के कसरी तयार भएको हो भन्नेमा नै प्रश्न रहेकोमा सो सम्बन्धमा मौन रही भएको फैसला अविश्वसनीय रहेको, प्रतिवादी होम बहादुर गुरुङ्गलाई नचिनेको र निजले ल्याएको सुन सम्बन्धी तथ्यको वारेमा कुनै थाहा जानकारी नै नभएको, बरामद भएको भनिएको सुन आफुबाट बरामद समेत नभएको, प्रतिवादी होम बहादुरले कतारबाट ल्याएको खल लिन यी मानिस आएको हुन सक्दछ भनि शंका गरेको आधारमा पक्राउ गरी आफुलाई थाहा जानकारी नै नभएको नगरेको अपराधमा दोषी ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गैर कानूनी निर्णय सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एव यस न्यायाधिकरणबाट यस अघि भएका फैसला बमोजिम बदर गरी अभियोग माग दावीबाट सफाई पाउँ भन्ने समेतको व्यहोराको प्रतिवादी अनिल लुइटेलका कानून व्यवसायी विद्वान अधिबक्ता श्री सुजन रिजालले मिति २०७९।०४।१८ मा यस न्यायाधिकरणमा पेश गर्नुभएको बहसनोट।

१९. नेपालको सविधानको धारा २० (५) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १२ एवं प्रमाण ऐन, २०३१ को दफा २५ समेत बमोजिम फौजदारी मुद्दामा आफ्नो

अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने भन्ने रहेको देखिन्छ भने प्रतिवादी उपर लगाएको अभियोग शंकारहित तवरबाट पुष्टी नगरे शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रही आएकोमा वादी पक्षले अभियोग पुष्टी गर्न नसकेकोले सोको सुविधा मैले पाउने नै देखिन्छ। खानतलासी तथा बरामदी मुचुल्का, प्रमुख भन्सार अधिकृत समेतको प्रतिवेदन, म पुनरावेदक तथा सह-प्रतिवादीहरुको अनुसन्धानका क्रममा र मुद्दा हेर्ने निकाय समक्ष भएको बयान समेतका कागज प्रमाणहरुबाट म आरोपित कसुरमा मनसायपुर्वक संलग्न रहेको तथ्य पुष्टी हुन सकेको अबस्था समेत छैन। यस्तो अबस्थामा म उपर अभियोग लगाएर कसुरदार ठहर गर्न मिल्दैन। घटना भएको भनिएको दिन, समय र Airlines का विषयमा समेत दुविधा रहेको देखिन्छ। बरामदी मुचुल्का र प्रतिवेदन एक आपसमा बिरोधाभाष देखिएको अबस्थामा बरामदी मुचुल्कामा बस्ने मानिसहरु र प्रतिवेदकहरुलाई बकपत्रका लागि कार्यालय समक्ष उपस्थित नै नगराइ मलाई कसुरदार ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णयमा प्रमाण ऐन, २०३१ को दफा १८,२५, ३८ र ५४ समेतको त्रुटी रहेकोले अभियोग माग दावीबाट सफाई पाउँनु पर्छ भन्ने प्रतिवादी होम बहादुर गुरुङ्गका कानून व्यवसायी विद्वान अधिबक्ता श्री सूर्यबहादुर पाण्डेले मिति २०७९।०४।१८ मा यस न्यायाधिकरणमा पेश गर्नु भएको बहसनोट।

२०. प्रतिवादी होम बहादुर गुरुङ्गलाई त्रिभुवन विमानस्थलमा सुन चोरी पैठारी गरेको अभियोगमा पक्राउ गरेको भनि उल्लेख गरेको भएतापनि घटना भएको भनिएको दिन, समय र Airlines का विषयमा समेत मिसिलमा रहेका कागजातहरु एकआपसमा नमिलि तथ्यमा नै दुविधा रहेको देखिंदा वारदातसंग सम्बन्धित कागजात के कसरी तयार भएको हो भन्नेमा नै प्रश्न रहेकोमा सो सम्बन्धमा मौन रही भएको फैसला अविश्वसनीय रहेको, प्रतिवादी होम बहादुर गुरुङ्गले बरामदीत सुन मैले कतारबाट जहाजमा काठमाण्डौ आउदा ल्याएको भनि स्वीकार गरेको, प्रतिवादी होम बहादुर गुरुङ्गले मंसग नातासम्बन्ध, चिनजान छैन भनि अनुसन्धानको क्रममा वयान गरेको, निजलाई मैले चिनेजानेको छैन भनि अनुसन्धानको क्रममा वयान गर्दा म पुनरावेदकले लेखाएको, कतारमा रहेको भनिएको हरि भन्ने मानिसको नत मलाई कुनै फोन आएको छ, नत निजले मलाई मोवाइलमा कुनै फोटो नै पठाएको छ, म गेष्ट हाउस संचालन गर्ने मानिस भएकोले गेष्टको खोजीको लागि त्रिभुवन विमानस्थल गएको हो भनि बयानमा खुलाएको अबस्थामा समेत प्रतिवादी होम बहादुर गुरुङ्गले कतारबाट ल्याएको खल लिन यी मानिस आएको हुन सक्दछ भनि शंका गरेको आधारमा मात्र मलाई पक्राउ गरी आफुलाई थाहा जानकारी नै नभएको नगरेको अपराधमा दोषी ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गैर कानूनी निर्णय बदर गरी अभियोग माग दावीबाट फुर्सद दिलाइ पाउँ भन्ने प्रतिवादी भोजराज घिमिरेका कानून व्यवसायी विद्वान

अधिबक्ता श्री कमलप्रसाद ढुङ्गानाले मिति २०७९।०४।१८ मा यस न्यायाधिकरणमा पेश गर्नु भएको बहसनोट।

२१. यसमा वरामदी मुचुल्का मिति २०७६।५।२२ मा तयार भएको, वरामद भएको धातु परीक्षण पनि मिति २०७६।५।२२ मा भएको देखिएको स्थितिमा मिति २०७६।५।२३ मा प्रमुख भन्सार अधिकृत कर्ण प्रासाद तिमिल्सिना समेतले पेश गरेको प्रतिवेदनमा प्रतिवादी मध्येको Hom Bahadur Gurung मिति२०७६।५।२३ गते ८:४० बजेको समयमा NEPAL AIRLINES को उडान नं. RA204 बाट आएको भन्ने व्यहोरा उल्लेख भई परस्पर विरोधाभाषपूर्ण तथ्य उल्लेख गरिएको देखिँदा सो सम्बन्धमा मिति २०७६।५।२२ मा वरामदी मुचुल्का तयार गरी पेश गर्ने प्रमुख भन्सार अधिकृत श्री कर्ण प्रसाद तिमिल्सिना र गो.सि.रे.श्री दिलकाजी शाक्यलाई बकपत्रको लागि १५ दिन भित्रको मिति निर्धारण गरी विशेष सरकारी वकील कार्यालय मार्फत अनिवार्य रुपमा उपस्थित गराउन लगाई उपस्थित भएपछि बकपत्रको लागि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट मिति २०७९।५।२ मा भएको आदेश।

२२. प्रतिवादी होम बहादुर गुरुङ्गले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (६) बमोजिम कैदबाट छाडी तारेखमा राखी मुद्दाको पुर्पक्ष गरी पाउँ भनी दिएको निवेदनमा यस न्यायाधिकरणबाट प्रतिवादी होम बहादुर गुरुङ्गको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (६) आकर्षित हुने देखिएकोले निजको माग बमोजिमको सुविधा प्राप्त गर्ने नै देखिंदा निजलाई सम्बन्धित कारागार कार्यालयबाट यस न्यायाधिकरणमा झिकाई पुर्पक्षको लागि तारेखमा राख्न भन्ने समेत व्यहोराको मिति २०७९।५।३० को आदेश।

२३. यसमा नेपाल सरकारका साक्षीहरु प्रमुख भन्सार अधिकृत कर्ण प्रसाद तिमिल्सिना र गो.सि.टे. दिलकाजी शाक्यको अन्यत्र सरुवा भएकोले बकपत्रको लागि उपस्थित गराउन नसकिएकोले निजहरुको बकपत्रको लागि पुनः अर्को मिति तोकि पाउने व्यवस्था हुन भनि विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट च.न.२७८९ मिति २०७९।०५।३० को पत्र प्राप्त भएको देखिँदा निजहरु प्रस्तुत मुद्दामा नबुझि नहुने साक्षी भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बकपत्रको लागि साक्षी उपस्थित गराउन विशेष सरकारी वकील कार्यालयलाई १५ दिनको समय प्रदान गरिदिएको छ।उक्त आदेशको जानकारी विशेष सरकारी वकील कार्यालयलाई दिई यो आदेशमा लेखिएको अवधिभित्र बकपत्रको लागि साक्षी उपस्थित गराए बकपत्र गराउन नियमानुसार इजलास समक्ष पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/३० मा भएको आदेश।

२४. मिति २०७६/०५/२३ को मुचुल्का तथा प्रतिवेदन म समेतले तयार गरेको हो। प्रमुख भन्सार प्रशासक समक्ष पेश गरेको प्रतिवेदनमा रहेको हस्ताक्षर मेरो हो।

प्रतिवादी होम बहादुर गुरुङ्ग मिति २०७६।०५।२३ गते सोमबारका दिन हिमालयन एयरलायन्सको उडानबाट नेपाल आएको हो सो कुरा निजको पासपोर्टमा भएको Nepal Immigration (TIA) मा भएको छापले प्रमाणित गर्छ। वरामदीत सुन १४०० ग्राम रहेकोमा लेपन हटाएर तौल गर्दा १३९८ ग्राम हुन आएको हो। प्रतिवादी होम बहादुर गुरुङ्ग पक्राउ पश्चात निजले सुन लिन मान्छे बाहिर आएका छन भने पछि भन्सार कर्मचारी र प्रहरी समेतको सहयोगमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पार्किङ्ग एरियाबाट पक्राउ गरिएको हो। बरामदी मुचुल्का, प्रतिवेदन तथा पक्राउ पुर्जीमा म आफैले दस्तखत गरेको हो। मुचुल्का त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाण्डौमा रहेको यात्रु जाँचपास कक्षमा तयार भएको हो भन्ने समेतको व्यहोराको प्रमुख भन्सार अधिकृत कर्ण प्रसाद तिमिल्सिनाले यस न्यायाधिकरणमा मिति २०७९/०६/२७ मा गरेको बकपत्र।

२५. मेरो काम सुन चाँदी परीक्षण गर्ने हो। प्रमुख भन्सार प्रशासक समक्ष पेश गरेको प्रतिवेदनमा भएको हस्ताक्षर मेरै हो। प्राविधिक तर्फको कर्मचारी भएकोले प्रशासनिक काम कारवाही बारे केही जानकारी भएन। प्रतिवेदनमा सहिछाप गर्नेहरुलाई कमिसन प्राप्त गर्ने भएकोले सो प्रयोजनार्थ मात्र सहिछाप गरेको हो। बरामद मिति २०७६।०५।२३ गते भएको हो। सो मुचुल्कामा म समेतका ड्युटीमा रहेका कर्मचारीहरुले सहिछाप गरेकाछन भन्ने समेतको व्यहोराको गो.सि.टे. दिलकाजी शाक्यले यस न्यायाधिकरणमा मिति २०७९/०६/२७ मा गरेको बकपत्र।

## ठहर खण्ड

२६. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी होम बहादुर गुरुङ्गका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सूर्यबहादुर पाण्डेले खानतलासी तथा बरामदी मुचुल्का, प्रमुख भन्सार अधिकृत समेतको प्रतिवेदन, पुनरावेदक तथा सह-प्रतिवादीहरुको अनुसन्धानका क्रममा र मुद्दा हेर्ने निकाय समक्ष भएको बयान समेतका कागज प्रमाणहरुबाट पुनरावेदक आरोपित कसुरमा मनसायपुर्वक संलग्न रहेको तथ्य पुष्टी हुन सकेको अबस्थामा समेत कसुरदार ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय त्रुटीपुर्ण हुँदा अभियोग मागदावीबाट सफाई पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

२७. अर्को पुनरावेदक प्रतिवादी भोजराज घिमिरेका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री कमलप्रसाद ढुङ्गाना र श्री कृष्ण प्रसाद घिमिरेले प्रतिवादी होम बहादुर गुरुङ्गले भोजराज घिमिरेसँग नातासम्बन्ध, चिनजान छैन भनि अनुसन्धानको क्रममा वयान गरेको र भोजराजले समेत निजलाई चिनेजानेको छैन भनि वयानमा उल्लेख गरेको, कतारमा रहेको भनिएको हरि भन्ने मानिसको फोन आएको र मोवाइलमा कुनै फोटो पठाएको छैन, प्रतिवादी गेष्ट हाउस संचालन गर्ने मानिस भएकोले गेष्टको

खोजीको लागि त्रिभुवन विमानस्थल गएको हो। प्रतिवादी होम बहादुर गुरुङ्गले कतारबाट ल्याएको सुनको खल लिन यी मानिस आएको हुन सक्दछ भनि शंका गरेको आधारमा पक्राउ गरी दोषी ठहर गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय कानूनी त्रुटीपूर्ण हुँदा बदर गरी अभियोग दावीबाट फुर्सद दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

२८. त्यसै गरी पुनरावेदक प्रतिवादी अनिल लुइटेलका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सुजन रिजालले अनिल लुइटेलले प्रतिवादी होम बहादुर गुरुङ्गलाई नचिनेको र निजले ल्याएको सुन सम्बन्धी तथ्यको वारेमा कुनै थाहा जानकारी नै नभएको र बरामद भएको भनिएको सुन आफुबाट बरामद समेत नभएकोले सहप्रतिवादी होम बहादुरले कतारबाट ल्याएको सुनको खल लिन यी मानिस आएको हुन सक्दछ भनि शंका गरेको आधारमा दोषी ठहर हुने गरी शुरु त्रिभुवन बिमानस्थल भन्सार कार्यालयबाट गरिएको जरीवाना र कैद सजाय मिलेको नदेखिंदा बदर गरी प्रतिवादीले सफाई पाउने गरी फैसला गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

२९. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जाराले प्रतिवादीको साथबाट सुन बरामद भएको तथ्य प्रतिवादी होम बहादुर गुरूङले स्वीकार गरेको र बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट सुन बरामद भएको तथ्यलाई स्वीकार गरेको हुँदा सो सुन बैधानिक तवरबाट पैठारी गरेको भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा प्रतिवादी होम बहादुर गुरूङले घोषणा समेत नगरेको अबस्था छ। प्रतिवादी होम बहादुर गुरूङले लुकाई छिपाइ ल्याएको सुन लिन प्रतिवादीहरू भोजराज घिमिरे र अनिल लुइटेल विमानस्थल गएको तथ्य मौकामा निजहरूले स्वीकार गरेको हुँदा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीहरुलाई आरोपित कसूरमा कसूरदार ठहर गरी जरीवाना र कैद सजाय हुने गरी गरेको फैसला कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

३०. पुनरावेदक प्रतिवादीहरूको तर्फबाट लिइएका पुनरावेदन जिकिर, वादी तथा प्रतिवादीको तर्फबाट पेश भएको लिखित बहस नोट तथा बहसको क्रममा प्रस्तुत बुँदाहरू र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

३१. सर्वप्रथम प्रतिवादी होम बहादुर गुरुङ्गको हकमा हेर्दा, निज Himalayan airlines को उडान नं. H9564 बाट मिति २०७६।०५।२३ गते कतारबाट नेपाल आउदा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा १३९८ ग्राम सुन बरामद भएको र सो सुन बुझ्न भनी आएका प्रतिवादीहरु अनिल लुइटेल र भोजराज घिमिरे त्रिभुवन विमानस्थल

भन्सार कार्यालयको पार्किङ्ग एरियाबाट पक्राउ परेको भन्ने मिति २०७६।०५।२३ को मिसिल संलग्न कर्ण प्रसाद तिमिल्सिना समेतको प्रतिवेदन व्यहोराबाट देखिन्छ। प्रतिवेदक कर्ण प्रसाद तिमिल्सिना यस न्यायाधिकरणमा आई गरेको बकपत्रबाट उक्त प्रतिवेदन व्यहोरा समर्थित हुन आयो। प्रतिवादी होम बहादुर गुरूङले बरामदित सुन आफ्नो साथमा रहेको ब्याग भित्र लुकाई छिपाई राखेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाक थ्रुमा चेकजाँच गर्ने क्रममा बेलना आकारको खल भित्र बेलना आधारको तीन थान सुन जम्मा तौल १३९८ ग्राम बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा स्वीकार गरेको देखिन्छ। प्रतिबादी होम बहादुर गुरुङ्गले कतारबाट हरि भन्ने मानिसले मेरो ओखल घरमा लगिदिनु भनि भनेको र सो ओखल लिन नेपालमा एयरपोर्टमा मानिस आउछ भनेको हुँदा ल्याएको भनि अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा खुलाएको देखिन्छ। प्रतिवादी होम बहादुर गुरुङ्गले मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा कतारबाट हरि भन्ने मानिसले नेपालको एयरपोर्टसम्म लगी दिनु भनेकोले उक्त सामान ल्याएको एयरपोर्टमा रिसिभ गर्न आउने मानिसले केही खर्च दिन्छन् भन्ने व्यहोरा खुलाएको देखियो। यसबाट पैसाको प्रलोभनमा परी अवैध सुनको चोरी पैठारी गर्ने काममा यी प्रतिवादी संलग्न रहेको देखिन आउँछ। उक्त सुन निज प्रतिवादी होम बहादुर गुरुङ्गले भन्सार कार्यालयमा घोषणा समेत नगरेको र अनुसन्धान अधिकृतले निजको साथबाट बरामद भएको सुनको भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निस्सा माग गर्दा पेश गर्न सकेको मिसिल संलग्न कागजातहरुबाट नदेखिएको हुदा निज प्रतिबादी होम बहादुर गुरूङले अवैध सुन लुकाई छिपाइ गैर कानूनी तरिकाले सुन चोरी पैठारी गरेको हो भन्नेमा विवाद देखिएन।

३२. भन्सार ऐन, २०६४ को दफा २(च) मा "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ" भनी परिभाषित गरेको देखिन्छ। साथै सोही ऐनको दफा १८(१) मा "मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने" भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी होम बहादुर गुरुङ्गले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ भन्ने कानूनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीको साथबाटै बरामद भएको र निजले आफ्नो व्यागबाट बरामद भएको भनी स्वीकार गरेको ब्याग भित्र लुकाई छिपाई राखेको अबस्थामा

बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा पेश गर्न सकेको समेत देखिंदैन। यसरी प्रतिवादी होम बहादुर गुरुङ्गले आफ्नो साथबाट बरामद भएको व्यागमा लुकाइ राखेको १३९८ ग्राम सुन प्रतिवादीले भन्सारमा घोषणा गरेको वा सो सुन वैध रुपमा पैठारी गरेको पुष्टी हुने कुनै प्रमाण पेश गर्न सकेको नदेखिँदा निजबाट आरोपित कसूर भएको मिसिल संलग्न प्रमाणबाट पुष्टी भइरहेको हुँदा आरोपित कसूरबाट सफाइ पाउनु पर्ने भन्ने प्रतिवादी होम बहादुर गुरूङको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

३३. अब अर्का प्रतिवादीहरु अनिल लुइटेल र भोजराज घिमिरेको पुनरावेदन जिकिर तर्फ दृष्टिगत गर्दा हामी गेष्ट हाउस संचालक रहेको, गेष्ट खोजी गर्न एयरपोर्ट गएको बेला पक्राउ गरिएको र शंका एवं अनुमानको भरमा मात्र झुठ्ठा आरोप र अभियोजन गरी दोषी ठहर गरिएकोले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७७।७।२७ मा भएको फैसला बदर गरी अभियोगबाट सफाई पाउनुपर्ने जिकिर लिएको देखियो। यी दुवैजना प्रतिवादीहरु सहप्रतिवादी होम बहादुर गुरुङ्ग सँगै मिति २०७६।५।२३ गते मौकामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै पक्राउ परेको देखिन्छ। सहप्रतिवादी होम बहादुर गुरुङ्गबाट बरामद भएको सुन संकलन गर्न त्रिभुवन विमानस्थल परिसरमा यी दुवै प्रतिवादीहरु आएको भन्ने व्यहोरा दुवै जना प्रतिवादीहरुले मौकामा स्वीकार गरेको कुरा मिति २०७६।५।२३ को प्रतिवेदन तथा मौकामा निजहरुलाई दिएको मिति २०७६।५।२३ को मिसिल संलग्न पक्राउ पुर्जीबाट समेत देखिइरहेको पाइयो। होम बहादुर गुरुङ्गले ल्याएको तीन थान बेलाना आकारको सुन संकलन गर्न हामी आएका हौं, निजलाई पर्खिएर बसेको अवस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका कर्मचारी र प्रहरीले पक्रिएर खानतलासी गरी हाम्रो साथमा रहेको नगद तथा चेक लगायतका कागजात बरामद गरेको हो भन्ने कुरा निजहरुले स्वीकार गर्दै बरामदी मुचुल्कामा दुवै जनाले ल्याप्चे सहिछाप र दस्तखत समेत गरेको देखियो। यी दुवै जना प्रतिवादीहरुले मुद्दा हेर्ने अधिकारी समक्ष आरोपित कसुर इन्कार गरेको भए पनि मौकाको प्रतिवेदन, बरामदी मुचुल्का, सहप्रतिवादी होम बहादुर गुरुङ्गले आफूले कसूर स्वीकार गरी कतारबाट हरि भन्ने व्यक्तिले पठाएको सुन लिन अनिल लुइटेल र भोजराज घिमिरे आएको हुनुपर्छ। कतारमा हरि भन्ने व्यक्तिले खिचेको फोटो र मोबाइल नम्बर यिनीहरुलाई पठाएको हुन सक्छ भनी मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा लेखाएको व्यहोराले समेत प्रतिवादीहरुको कसूरमा संलग्नता पुष्टी गरेको देखियो। प्रतिवादी होम बहादुर गुरुङ्गले पैसा पाउने प्रलोभनमा उक्त सुन लिएर नेपाल आएको, सुन पठाउने व्यक्तिको हुलिया, विवरण अनुसन्धानको क्रममा नखुलाएको र सुन रिसिभ गर्न आउने व्यक्तिले नै खर्च दिन्छ भन्ने विश्वासमा परी उक्त सुन लुकाई छिपाई भन्सारमा घोषणा पनि नगरी ल्याएको देखिन्छ भने सुन रिसिभ गर्न जाने यी प्रतिवादीहरु भोजराज घिमिरे र अनिल लुइटेलको साथबाट नगद ५०,०००।- र चेक

लगायतका सामान बरामद भएको देखिन्छ। प्रतिवादीहरुले जिकिर लिए जस्तो एयरपोर्टमा गेष्ट मात्र खोज्न गएको भए नगद, चेक, भिसा कार्ड, खाली चेक लगायत चेकबुक समेत साथमा लिएर हिड्नु पर्ने व्यवहार स्वभाविक देखिन आएन। सुन चोरी पैठारीमा संलग्न प्रतिवादी होम बहादुर गुरुङ्गलाई खर्चको रुपमा दिनको लागि नै नगद तथा चेक लिएर एयरपोर्ट गएको स्थितिलाई मिसिल संलग्न तथ्यहरुको मालाकार कडीले उजागर गरिरहेको देखियो। सहप्रतिवादी होम बहादुर गुरुङ्गसँग सुन पठाउने व्यक्तिले नै यी प्रतिवादीहरुलाई सुन रिसिभ गर्नको लागि एयरपोर्ट पठाएको र उक्त तथ्यलाई मौकामा पक्राउ पर्ने बेला दुवै जनाले स्वीकार गरेको हुँदा यी प्रतिवादीहरुबाट सुन बरामद नभएको भए पनि भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कुनै मालबस्तु चोरी पैठारी गर्न वा सोको प्रयत्न गर्ने कार्यलाई समेत कसूर कायम गरेको परिप्रेक्ष्यमा चोरी पैठारी गर्न लुकाई छिपाई होम बहादुर गुरुङ्गले ल्याएको सुन रिसिभ गर्न जाने यी प्रतिवादीहरु समेत जानी जानी सुन चोरी पैठारीको प्रयत्न गर्ने कसूरमा संलग्न भएको देखिंदा निजहरुलाई दोषी ठहर गरी सजाय गरेको शुरु फैसलालाई अन्यथा भन्न पर्ने अवस्था देखिएन।

३४. अब, मुख्य आरोपी नेपाल आएको तथा पक्राउ परेको मिति, प्रतिवन्धित धातु सुन बरामद भएको मिति समेत परस्पर विरोधाभाषपूर्ण भएकोले त्यस्तो प्रमाणको आधारमा दोषी ठहर गर्न नमिल्ने भनी प्रतिवादीहरुले पुनरावेदन पत्रमा लिएको जिकिर तर्फ हेर्दा, बरामदी मुचुल्कामा प्रतिवादी होम बहादुर गुरुङ्ग, मिति २०७६।५।२२ गते हिमालयन एयरलाइन्सको उडान नं. H9564 बाट कतार हुँदै काठमाडौं आएको भन्ने तथ्य उल्लेख भएको देखिन्छ भने प्रमुख भन्सार अधिकृत कर्ण प्रसाद तिमिल्सिना समेतले मिति २०७६।५।२३ मा पेश गरेको प्रतिवेदनमा प्रतिवादी होम बहादुर गुरुङ्ग, मिति २०७६।५।२३ गते नेपाल एयरलाइन्सको उडान नं. RA204 बाट काठमाडौं आएको भन्ने तथ्य उल्लेख भई उक्त तथ्य विरोधाभाषपूर्ण भएको देखिए पनि प्रतिवादी होम बहादर गुरुङ्गले आफू मिति २०७६।५।२३ गते विहान १०:१५ बजेको समयमा Himalayan airlines को उडान नं. H9564 बाट काठमाडौं आएको र सोही बखत 1398 ग्राम सुन सहित पक्राउ परेको भनी बयानमा लेखाएको देखियो। सबै प्रतिवादीहरुलाई पक्राउ पुर्जी र खानतलासीको पुर्जी मिति २०७६।५।२३ मा नै दिएको देखिएको, प्रतिवादीहरुबाट बरामद भएको सुन, नगद, चेक बुक लगायतका बस्तुको हकमा प्रतिवादीहरुको अन्यथा भनाई नभई आफूहरुबाटै बरामद भएको कुरालाई स्वीकार गरेको, राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२) को खण्ड (ङ) बमोजिम प्रमाण बुझ्ने सन्दर्भमा न्यायाधिकरणलाई अदालतलाई भए सरहको अधिकार रहेको हुंदा सोही कानूनी व्यवस्था बमोजिम प्रतिवेदक प्रमुख भन्सार अधिकृत कर्ण प्रसाद तिमिल्सिनालाई मिति २०७९।५।२ को आदेश बमोजिम बकपत्रको लागि उपस्थित हुन भनिएकोमा मिति २०७९।६।२७ मा उपस्थित भई निजले बकपत्र

गर्दा प्रतिवादी होम बहादुर गुरुङ्ग वास्तविक रुपमा नेपाल आएको मिति २०७६।५।२३ गते सोमबार हिमालयन एयरलाइन्सको उडानबाट आएको, भूलबस बरामदी मुचुल्कामा मिति र उडान संख्या फरक परेको हो भनी बकपत्र गरिदिएको पाइयो। उक्त बकपत्रलाई यस न्यायाधिकरणले प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखियो। साथै मिति २०७६।५।२३ मा प्रतिवादी होम बहादुर गुरुङ्ग नेपाल आएको तथ्य निजको पासपोर्टमा अध्यागमनबाट लगाएको छापबाट पनि प्रमाणित भइरहेको देखियो। यसरी प्रतिवादी होम बहादुर गुरुङ्ग मिति २०७६।५।२३ मा हिमालयन एयरलाइन्सको उडान नं. ९५६४ बाट कतारबाट काठमाडौं आउँदा लुकाई छिपाई ल्याएको १३९८ ग्राम सुन बरामद भएको तथ्य अकाट्य रुपमा प्रमाणित भइरहेको स्थितिमा बरामदी मुचुल्का र प्रतिवेदनमा मिति फरक उल्लेख भएको आधारमा मात्र वारदात नै नभएको वा बरामदी मुचुल्का नै झुठ्ठा रहेको भन्ने निष्कर्षमा पुग्न न्यायोचित हुने देखिएन। साथै बरामदी मुचुल्कामा तिन जना प्रतिवादीहरुले ल्याप्चे तथा हस्ताक्षर समेतबाट रोहबरमा बसी सहिछाप गरेको र बरामद भएको सुन तथा नगद र कागजातको अस्तित्वलाई निजहरुले स्वीकार गरेको स्थितिमा विरोधाभाषपूर्ण प्रमाणको आधारमा दोषी ठहर्याएको शुरु फैसला बदर हुनुपर्छ भनी प्रतिवादीहरुले पुनरावेदन पत्रमा लिएको जिकिरसँग यो इजलास सहमत हुन सकेन ।

३५. जहाँसम्म प्रतिवादीहरुले मनसायपूर्ण कसूर जन्य कार्य गरेको पुष्टि नभएको भन्ने प्रतिवादीहरुको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा सामान्यतया फौजदारी कसूर हुनको लागि अभियुक्तले अपराधिक मनसाय (Mens Rea) सहित आपराधिक कार्य गरेको (Actus Reus) हुन आवश्यक मानिन्छ तर निरपेक्ष दायित्व हुने प्रकृतिका कसूरमा भने आपराधिक कार्य हुनु नै कसूरले पूर्णता प्राप्त गरेको मानिन्छ। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ भन्ने उल्लेख भएको देखियो। उक्त उपदफा (१) मा रहेको कसूरको परिभाषा र तत्वबाट मालबस्तु चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गर्ने कार्यले मात्र पनि पूर्ण कसूर सम्पन्न भएको मानिने अवस्था देखिन आयो। प्रतिवादीहरुबाट बरामद मालबस्तुले कसूर स्वयंमा पुष्टि भईरहेको देखियो।यसमा मनसाय तत्व विद्यमान हुनु पर्ने गरी विधायिकाले अनिवार्य गरेको देखिएन।यसबाट भन्सार चोरी निकासी वा पैठारीको कसुर निरपेक्ष दायित्व हुने कसुरको रुपमा विद्यायिकाले व्यवस्था गरेको मान्नुपर्ने हुन आयो।यस्तोमा मनसाय तत्वको परीक्षण गरिरहनु पर्ने देखिदैन।प्रतिवादी होम बहादुर गुरुङ्गले भन्सार महसूल लाग्ने मालबस्तु भन्सार महसूल नतिरी, भन्सारमा घोषणा पनि नगरी लुकाई छिपाई कतारबाट नेपाल ल्याएको र प्रतिवादीहरु अनिल लुइटेल र

भोजराज घिमिरे उक्त सुन रिसिभ गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गई मौकामा पक्राउ परेको स्थितिबाट माथिका प्रकरणहरुमा विवेचना गरिए बमोजिम प्रतिवादीहरुबाट कसूरजन्य कार्य भएको पुष्टि भएको हुँदा मनसाय विना गरेको कार्य रहेछ भनी प्रतिवादीहरुले कसूरबाट उन्मुक्ति पाउन सक्ने देखिएन ।

३६. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादीहरु होम बहादुर गुरुङ्ग, भोजराज घिमिरे र अनिल लुइटेललाई भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ५७(१ग) बमोजिम बरामद सुन जफत गरी प्रतिवादीहरुलाई जनही एक बर्ष कैद र रु.२८,६४,५०२।-(अठाइस लाख चौसठ्ठी हजार पाँच सय दुई रूपैयाँ) जरिवाना हुने ठहऱ्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७७।०७।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**<u>तपसिल खण्ड</u>**

१. माथि ठहर खण्डमा लेखिए वमोजिम शुरु फैसला सदर हुने ठहरेकोले प्रतिवादी होम बहादुर गुरुङलाई लागेको एक वर्ष कैद सजाय असुल भइसकेको भए पनि जरिवाना रू.२८,६४,५०२।- असुल हुन बाँकी रहेको हुँदा यी प्रतिवादी कैदमा वसेको मिति २०७७।०५।२३ देखि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (६) वमोजिम कैंदबाट छुटी तारेखमा वसेको मिति २०७९।०५।३० सम्मको अवधिको भन्सार ऐन, २०६४ को दफा ४१(५) वमोजिम प्रतिदिन रू.३०० को दरले हुन आउने रकम निजलाई लागेको जरिवाना रकमबाट कट्टा गरी बाँकी जरिवाना रकम निजको नाममा लगत खडा गरी कानून वमोजिम असुल गर्नु भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा लेखि पठाई दिनू।

२. प्रतिवादीहरु अनिल लुइटेल र भोजराज घिमिरेको हकमा समेत शुरु फैसला सदर हुने ठहरेकोले निजहरुलाई लागेको कैंद एक वर्ष मध्ये असुल हुन बाँकी कैद जनही नौ महिना कैदको निजहरुको नाममा लगत खडा गरी असुल गर्नु भनी शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा लेखी पठाई दिनू।

३. प्रतिवादीहरु अनिल लुइटेलले रू.२९,७३,५०२।— मिति २०७८।०५।२८ मा र भोजराज घिमिरेले रू.२९,७४,००२।— यस न्यायाधिकरणमा पुनरावेदन गर्दा मिति २०७८।०५।१७ मा राखेको धरौटी रकमबाट निजहरुलाई भएको जनही जरिवाना रू.२८,६४,५०२।- असुल गरी राजस्वमा दाखिला गर्नु र निजहरुलाई लागेको कैद सजाय असुल भएपछि बाँकी रकम निजहरुलाई फिर्ता दिनु भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा लेखी पठाई दिनू।

४. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

५. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

६. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः- श्री खेमकुमारी बस्नेत

कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली

फैसला मितिः- इतिसम्बत २०७९ साल फागुन १८ गते रोज ५ शुभम--------------

फैसला प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप